# ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.

**Global IME Laghubitta Bittiya Sanstha Ltd.**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)


9419

च.न. :..१५८../२०८१/०८२
मिति :२०८१/०९/०८

**श्री नेपाल स्टक एक्सचेञ्ज लि.**
**सिंहदरवार प्लाजा, काठमाण्डौं ।**

**विषय : वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/०९/०७ गते आइतबार दिनको ४:३० बजे बसेको सञ्चालक समितिको १९४औं बैठकले यस वित्तीय संस्थाको १२औं वार्षिक साधारण सभा मिति २०८१/०९/२९ गते (तदनुसार जनवरी १३, २०२५) सोमबारका दिन विहान ९:०० बजे लेकसाइड पोखरा, कास्की स्थित बेस्ट रिसोर्ट नेपाल प्रा.लि, (The Lakeside Retreat) मा गर्ने निर्णय भएको व्यहोरा जानकारी गराईन्छ । साथै, उक्त वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको शेयरधनी दर्ता किताब देहाय बमोजिम बन्द रहने हुँदा सोही बमोजिम आवश्यक सहयोगको लागि अनुरोध गर्दछौं ।

**शेयरधनी दर्ता किताब बन्द रहने :**

१२औं वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेजीको काम मिति २०८१/०९/१८ गते बन्द रहनेछ । शेयर दाखिल खारेजी बन्द हुने अघिल्लो कारोवार दिन अगावै अर्थात मिति २०८१/०९/१७ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड नक्साल, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरु यस वार्षिक साधारण सभामा भाग लिन योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सूचित गरिन्छ ।

भवदीय,

Global IME Laghubitta Bittiya Sanstha Ltd.

....................
(हरिकृष्ण जोशी)
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत
कम्पनी सचिव

**बोधार्थ :**

१. श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौ ।
३. श्री सिडिएससि एण्ड क्लियरिङ्ग लि. पुतलीसडक, काठमाण्डौ ।
४. श्री ग्लोबल आइएमई क्यापिटल लि. नक्साल, काठमाण्डौ ।


केन्द्रीय कार्यालय: पोखरा-२६, विजयपुर कास्की फोन नं:०६१-४११४३८,४११४३९,४११४४०
E-mail: info@gilb.com.np बचत गरौं www. gilb.com.np

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.
Global IME Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः पोखरा-२६, विजयपुर, कास्की, फोन : ०६१-४११४३८, ४११४३९
Email : info@gilb.com.np, Website : www.gilb.com.np

# बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/०९/०७ गते बसेको सञ्चालक समितिको १९४औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारणसभा निम्नलिखित मिति, समय र स्थानमा तपसिलका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८१ साल पौष २९ गते सोमवार (तदनुसार १३ जनवरी, २०२५)
समय : बिहानको ९:०० बजे
स्थान : बेस्ट रिसोर्ट नेपाल प्रा.लि, (The Lakeside Retreat) लेकसाइड पोखरा, कास्की ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ को आषाढ मसान्तको वासलात तथा आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक बर्ष २०८१/०८२ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) **विशेष प्रस्तावहरु ।**

(ग) **विविध ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१. बाह्रौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८१/०९/१८ गते बिहिबार यस संस्थाको शेयर दाखिल खारेज दर्ता किताव बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०९/१७ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको सेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि.नक्साल, काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुनेछन् ।

२. वार्षिक साधारण सभाको सूचना, प्रोक्सी फारम तथा कागजातहरू सबै शेयरधनी महानुभावहरूको लागि यस संस्थाको वेवसाइट http://www.gilb.com.np बाट हेर्न र प्राप्त गर्न सकिनेछ । साधारण सभामा भाग लिन आउँदा शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफनो परिचय खुल्ने सक्कल परिचय-पत्र साथमा लिई सभामा आउनुहुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका साधारण सभा हुने दिनको विहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

४. कुनै शेयरधनी सभामा स्वयं उपस्थित हुन नसक्ने भएमा सभामा भाग लिन को लागि प्रतिनिधि (प्रोक्सी फाराम) भरी संस्थाको रजिष्ट्रार कार्यालय पोखरा-२६, विजयपुर कास्कीमा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी निवेदन दर्ता गरी सक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्ती गरिएको व्यक्ति यस संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नुभएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अगाडी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ, सो मात्र मान्य हुनेछ ।

६. प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाउँ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ साथै अर्को प्रतिनिधि मुकरर गरिएको अवस्थामा पछिल्लो मुकरर प्रतिनिधि कायम हुनेछ ।

७. नाबालक शेयरधनीको तर्फबाट लघुवित्त वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।

८. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र सोसँग सम्बन्धित अनुसूचीहरु समेतको पुस्तिका यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं.-२६, विजयपुर, कास्कीको साधारण सभाको सचिवालयबाट तथा साधारण सभा स्थलबाट समेत प्राप्त गर्न सक्नुहुनेछ । साथै उक्त प्रतिवेदन यस संस्थाको वेवसाईट http://www.gilb.com.np बाट हेर्नसक्ने व्यवस्था मिलाइनेछ ।

९. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहनुभएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अगाडि लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत लघुवित्त वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. शेयरधनीबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सक्नेछन् ।

११. माथि उल्लेखित दफाहरुमा तोकिएको दिनमा कुनैपनि सार्वजनिक बिदा पर्न गएमा सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त तोकिएको समय सीमासम्म कार्यालय खुल्ला रहनेछ ।

१२. थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय पोखरा-२६ विजयपुर, कास्कीमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।